नेपाल गजेट

नेपाल सरकारद्वारा प्रकाशित

काठमाडौं आषाढ १० गते ०९ साल

भाग ३

सिभिल सप्लाइज विभागयको

सूचना

सदर इलाकाका रिटेलर लाइसेन्स को विषय नियमको (ङ) दफामा म्याद भित्र कपडा नउठाएमा निजको लाइसेन्स रद्दी गरी पछिसमेत लाइसेन्स नपाउने गरिनेछ भन्ने लेखिएको र म्यादका हकमा गत पत्रपत्रिकामा छापी प्रकाश भएको तापनि सो सूचनाको म्यादमा लिन नसकेका रिटेलरहरूको यो १ पटकको कप डा पाइनेछैन । कोटा नटुटी लाइसेन्सको प्रथा रहिरहेको भनै सो लाइसेन्स स.बभर बहाल रहनेछ र पछि जतिपटक कपडा दिन पुग्छ, उतिपटकको इजाज गरी दिनेछ।

डाइरेक्टर,
सिभिल सप्लाइज विभाग,

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ

सूचना

जनसंख्याबमोजिम मैन्हा मैन्हामा हुन पाउने नेपाल सदर ४ भन्ज्याङ-भित्रका जनताबाहेक पूर्व पश्चिम १।१ नं. का र ४ भन्ज्याङबाहिर ललितपुर दक्षिणनतर्फका जनतालाई वर्षा लागेपछि आउन मुस्किल पर्ने र खेतिपाती-को समेत टायम भएको हुनाले ना. सु. विष्णुलालमार्फत आउने धरंगधरा ३ मने नुन बोरा १००० एकहजारमध्ये हाल काठमाडौं आइपुगेको नुन बोरा १०० हालै ०६ साल आषाढ ७ गतेदेखि बिक्री हुने र बाँकी आइपुना-साथ बिक्री गर्ने गरी मोरू १ को नुन माना ६ छ कन्ट्रोल दर कायम भै का. इ. पकनाजोलमा १, टुँडीखेलमा १ समेत २ दुइ ठाउँमा हाललाई सो नुन बोरा १००० बिक्री हुने बन्दोबस्त भएको हुनाले पू. प. १।१ नं .का र ४ भन्ज्याङ-बाहिर ल. पु. दक्षिणनतर्फका जनताहरूले थाहा पाउन् भन्ना निमित्त यो सूचना प्रकाश गर्ने काम भएको छ ।

डाइरेक्टर,
सिभिल सप्लाइज विभाग.

गोरखापत्र छापाखानाबाट प्रकाशित

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।